नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
(कर्मचारी प्रशासन शाखा)

प.सं. : क.प्र.९/२०७६/०७७ च.नं. ९६२

बबरमहल, काठमाण्डौं ।

मिति :-२०७६/०६/०९

विषयः न्यूनतम पारिश्रमिक सम्बन्धमा ।

श्री भूमिसुधार तथा मालपोत कार्यालय,सबै ।
श्री मालपोत कार्यालय, सबै ।

उपर्युक्त सम्बन्धमा भूमि व्यवस्था शहकारी तथा गरिवी निवारण मन्त्रालयको प.सं. २०७६/७७/१(१) ८ च.नं. ४७९ मिति २०७६/६/५ को पत्र साथ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका संलग्न पत्रहरु आवश्यक जानकारी तथा कार्यान्यवनका लागि भनि लेखी आएकोले त्यहाँ कार्यालयहरुबाट समेत संलग्न पत्रको जानकारी तथा कार्यान्वयन हुन आदेशानुसार अनुरोध छ ।

(कृष्ण प्रसाद जोशी)
शाखा अधिकृत

**बोधार्थ**
श्री श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय,
(श्रम सम्बन्ध शाखा) सिंहदरबार ।
श्री सूचना प्रविधि शाखा । (भूमि व्यवस्थापन तथा अभिलेख विभाग)


महानिर्देशकः ४२२३०४९, निर्देशक प्रशासन:४२२५९८२, निर्देशक योजना:४२२६९८८, क.प्र.शाखा:४२६६४९३, आ.प्र.शाखा:४२६६४९३,
फ्याक्सः ०१-४२३०५८५ Email: info@dolrm.gov.npwebsite: WWW.dolrm.gov.np

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(श्रम सम्बन्ध शाखा)

च. नं. : श्र.सं./०७६/७७- ४३

मितिः२०७६।५।२३

विषयः न्यूनतम पारिश्रमिक कार्यान्वयन सम्बन्धमा।

श्री मन्त्रालय/आयोगहरू (सबै)
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरू (सबै प्रदेश)

प्रस्तुत विषयमा मिति २०७५/४/१ देखि नै लागू हुने गरी न्यूनतम पारिश्रमिक निर्धारण भई कार्यान्वयनमा आएको व्यहोरा विदितै छ । उक्त न्यूनतम पारिश्रमिक कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा मिति २०७५/६/४ (च.नं. ५८) र मिति २०७५/१०/७ (च.नं. १३२) का पत्रहरूबाट तथा श्रमिकले पाउने पारिश्रमिक तथा वित्तीय सुविधा बैंक खाता मार्फत भुक्तानीको व्यवस्था मिलाउने सम्बन्धमा मिति २०७५/४/२०, च.नं. ३४ को पत्रसाथ क्रमशः २०७५/४/३१ र २०७५/३/३२ को नेपाल राजपत्रमा प्रकाशित सूचनाहरू संलग्न गरी पठाईएको थियो ।

साथै उक्त व्यवस्था कार्यान्वयन गर्ने/गराउने सम्बन्धी सूचना मिति २०७६/४/३१ गतेको गोरखापत्र दैनिकको अग्रपृष्ठमा पनि प्रकाशित गरिएको छ ।

उक्त व्यवस्था बमोजिम श्रमिकले पाउने न्यूनतम पारिश्रमिक सरकारी निकायहरूमा समेत पूर्ण रूपमा कार्यान्वयन नभएको गुनासाहरू प्राप्त भएको हुँदा तहाँ मातहतका निकायहरूमा कार्यरत सम्पूर्ण श्रमिकहरूको न्यूनतम पारिश्रमिक बैंक खाता मार्फत भुक्तानीको व्यवस्था सुनिश्चित गर्ने गराउने व्यवस्थाका लागि पुनः अनुरोध गरिएको छ । साथै वि.सं. २०७५ श्रावण १ देखि नै तोकिएको न्यूनतम पारिश्रमिक उपलब्ध गराउने व्यवस्था हुन समेत अनुरोध छ ।

नेपाल राजपत्र र गोरखापत्र दैनिकमा प्रकाशित उक्त सूचनाहरू यस मन्त्रालयको वेवसाईट www.moless.gov.np बाट डाउनलोड गरी हेर्न सकिने व्यहोरा अनुरोध छ ।

(कवीन्द्र नेपाल)
उप-सचिव

बोधार्थः
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

सिंहदरबार ।

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(श्रम सम्बन्ध शाखा)

प्र०म०शाखा/ ४२२ ०७६/६/१

च. नं.: श्र.सं./०७६/७७- ७१

मिति:२०७६।५।२३

प्रशासन

विषय: श्रम अडिट सम्बन्धमा

दर्ता नं.:- १२०९
मिति:- २०७६/०६/०१

श्री मन्त्रालय/आयोगहरू (सबै)
श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरू (सबै प्रदेश)

प्रस्तुत विषयमा श्रम ऐन, २०७४ तथा श्रम नियमावली, २०७५ बमोजिम सबै प्रतिष्ठानहरूले आ-आफ्नो प्रतिष्ठानको श्रम अडिट गरी नियमावलीको नियम ५६(४) बमोजिमका निकायहरूमा श्रम अडिट प्रतिवेदन पेश गर्नुपर्ने प्रावधान रहेको छ । प्रतिष्ठानहरूले श्रम अडिट गर्दा अवलम्बन गर्नुपर्ने विधि/प्रक्रिया सम्बन्धी व्यवस्था सहित **श्रम अडिट मापदण्ड, २०७५** जारी गरिएको छ । प्रतिष्ठानहरूले प्रत्येक वर्ष पौष मसान्तभित्र श्रम अडिट गरी सोको प्रतिवेदन नियामक निकाय, श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग वा सम्बन्धित श्रम तथा रोजगार कार्यालयहरूमा पेश गर्नुपर्ने सम्बन्धी सूचना मिति २०७५ असोज १९ गतेको राजपत्रमा प्रकाशित गरिएको छ। साथै उक्त व्यवस्था कार्यान्वयन गर्ने/गराउने सम्बन्धी सूचना मिति २०७६/४/३१ गतेको गोरखापत्र दैनिकको अग्रपृष्ठमा पनि प्रकाशित गरिएको छ ।

उपर्युक्त बमोजिम तहाँबाट नियमन गर्नुपर्ने सम्पूर्ण प्रतिष्ठानहरूलाई समयमै श्रम अडिट गरी सोको प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाईदिनुहुन अनुरोध छ ।

नेपाल राजपत्र र गोरखापत्रमा प्रकाशित उक्त सूचनाहरू र श्रम अडिट मापदण्ड, २०७५ यस मन्त्रालयको वेवसाईट www.moless.gov.np बाट डाउनलोड गरी हेर्न सकिने व्यहोरा अनुरोध छ ।

(कवीन्द्र नेपाल)
उप-सचिव

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
सिंहदरबार ।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(श्रम सम्बन्ध शाखा)

प्र०मं०शाखा/ ४२१ ०७६।६।५

च. नं. : श्र.सं./०७६/७७-४२

मिति:२०७६।५।२३

प्रशासन

विषयः श्रमिक आपुर्तिकर्ता श्रमिकलाई काममा लगाउने सम्बन्धमा।

दर्ता नं.:- १२०८ २०७६।०६।०५

श्री मन्त्रालय/आयोगहरू (सबै)

श्री मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयहरू (सबै प्रदेश)

प्रस्तुत विषयमा श्रम ऐन, २०७४ को प्रावधान बमोजिम श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिकलाई काममा लगाउन सकिने कामको सूची सम्बन्धी मिति २०७५/६/१९ मा नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम कार्यान्वयन गर्ने/गराउने व्यवस्थाका लागि मिति २०७५/१०/७ (च.नं. १३२) र २०७६/२/५ (च.नं. २२४) मा अनुरोध गरिएको थियो । उक्त सूचनामा श्रमिक आपूर्ति गर्ने गराउने गरी कुनै किसिमको प्रस्ताव वा बोलपत्र आव्हान गर्दा वा पेश गर्दा वा श्रमिक आपूर्ति गर्ने गरी सम्झौता गर्दा खुलाउनुपर्ने विषयहरू समेत उल्लेख गरिएको छ । तसर्थ श्रमिक आपूर्तिकर्ता मार्फत श्रमिक आपूर्ति सम्बन्धी सम्झौता गर्दा सोही बमोजिम हुने गरी श्रमिकलाई काममा लगाउने व्यवस्था गर्न/गराउन अनुरोध छ ।

साथै उक्त व्यवस्था कार्यान्वयन गर्ने/गराउने सम्बन्धी सूचना मिति २०७६/४/३१ गतेको गोरखापत्र दैनिकको अग्रपृष्ठमा पनि प्रकाशित गरिएको छ ।

नेपाल राजपत्र र गोरखापत्र दैनिकमा प्रकाशित उक्त सूचनाहरू यस मन्त्रालयको वेवसाईट www.moless.gov.np बाट डाउनलोड गरी हेर्न सकिने व्यहोरा अनुरोध छ ।

(कवीन्द्र नेपाल)
उप-सचिव

बोधार्थः

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,

सिंहदरबार ।